# अनिवार्य नेपाली

**१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५**

क) तल दिइएका वर्णहरूलाई उच्चारण स्थान, प्राणत्व, प्रयत्न र घोषत्वका आधारमा चिनाउनुहोस्:

क, न, र, स , घ , ट , फ , व , ह, ग, छ, ट, भ, ल ज , ठ , फ , व , स

ख) तलका शब्दहरूको अक्षर संरचना र सङ्ख्या समेत देखाउनुहोस् :

वन,प्रीति, सौन्दर्य,व्यावहारिक,सङ्घर्षपूर्ण, जुत्ता, सम्पूर्ण, मन्जन, विशेषता, सर्वमान्य, याल, कमल, अन्याय, विशेषता, रोमाञ्चकता, आज, झ्याल, विभूति, रहस्यमय, सगरमाथा, ध्यान, छत्तीस, अपूर्ण, पञ्चकन्या, मन्त्रीपरिषद ।

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ५**

तारे होटलहरुमा ढीडो पाक्ता हामी मूख मिठ्याउँछौ तर घरमा ढीडो पकाएर खान हामीलाइ लाज लाग्छ । हाम्रो खानपान र सम्स्कार कती राम्रो छ भनेर हामीलाइ अरुले भनिदीनु पर्छ ।

पैंतालिश बर्षका कृष्ण राय यकदम भलादमी व्यक्ती थियो । तिनका कोही सत्रु थिएनन तर यक दिन उनलाई सुतीरहेको बेलामा लटठीको प्रहार पर्‍यो।

विकास का लागि शान्ति अनिवार्य शर्त हो : शान्ति भयेन भने देशको सर्वाङ्गिण विकास पनि हुन सक्दैन यसका लागि सबै नेपालीहरूमा अब अधिकार चेतना होइन; कतर्व्य चेतनाको विकास हुनु आबश्यक देखिएको छ । विशेश गरेर यो सत्ते आजका युवाहरूले बुझ्नु जरुरि भएको छ ।

पुरान सकिए पछि गुरूका पाँउमा आफ्नो पुर्पूरो टेकाउँदै मैले भनैं-म एउटा ग्यानको भोको महापुरुषको शङ्गत गर्ने धोको लियेर आएको छु हजुररु

उनिहरू घर जान्छन् । भने हामी चाहीा किन एता बस्ने हो कुन्नि ओल्लोपल्लो घरका हामी छिमेकी सागसागै नगए देख्नेले के भन्लान त ! रिषिकेशसम्म पुगेर आउनसक्ने भएपछि जाऔ साथी सागसागै घरपनि ।

**३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : ३**

बिहान उठेर योग ध्यान गर्नाले शरीर स्वस्थ हुन्छ भन्ने कुरा मानिसलाई थाहा नभएको होइन परन्तु स्वास्थ्यभन्दा ज्यादा हाम्रो शरीरलाई आलस्य प्यारो लाग्छ ।

पढेको मान्छे असल हुन्छ । ऊसँग राम्रो ज्ञान हुन्छ । उसले देशमा परिवर्तनको ज्वाला दनदनी दन्काउन सक्छ तर यहाँ यस्ता मान्छेहरू नै पलायन भइसके ।

गरिब मान्छेका समर्थक भएर परमेश्वर खडा हुन्छन् भने बरु म नास्तिक हुन्छु; दब्दिना, नरो भक्ते ! गरिबले एक दिन सुखी हुनु पर्छ तसर्थ यसलाई कसैले पनि रोक्न सक्दैन ।

**४. तलको अनुच्छेदबाट दुई ओटा तत्सम र दुई ओटा आगन्तुक शब्द खोजी लेख्नुहोस् : २**

अहिले स्कुल कलेजमा परीक्षाको तयारी व्यापक छ । भविष्यका कर्णधारहरूलाई गफमा समय बिताउने फुर्सद छैन ।

मैले बजार गएर एक प्लेट मम किनेर ल्याएँ तर आमाले त अगि नै ढिँडो र गुन्द्रुक पकाउनुभएछ । उहाँले भन्नुभयो परम्परागत र मौलिक खाद्यान्नलाई बेवास्ता गर्नुहुन्न ।

ईशान विज्ञान पढ्ने विद्यार्थी हो । ऊ भविष्यमा डाक्टर बन्छ रे ! उसकी आमा उसलाई इन्जिनियर बनाउन चाहनुहुन्छ । दाजु भने वकिल बनाउने भन्छन् । ऊचाहि पढेर जागिर नखाने बरु समाजसेवा गर्ने भन्छ । कस्तो अचम्म छ उनीहरूको घरमा ! पढ्ने र आफ्ना बारे आफैले पो सोच्न पाउनु पर्छ त !

**५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×३=६**

क) **तलको अनुछेदबाट तीन ओटा उपसर्ग व्युत्पन्न शब्द र तीन ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् ।**

योग्यताको कदर नहुने ठाउँमा सुयोग्य व्यक्ति पनि दण्डित हुन्छ । शिक्षित र चेतनशील नागरिकहरू नालायकबाट पीडित छन् । दुर्व्यवहारले सज्जनलाई पनि दुर्जन बनाउँछ ।

असल मानिसको अकाल मृत्यु भयो भन्ने कुरामा अनविश्वास हुनु स्वाभाविक हो । कुलतका कारण बिसन्चो भएकाहरूप्रति हामी बेमतलबमा चिन्तित हुने गर्छौं । असामाजिक आचरणप्रति हामीले सचेतता अपनाउनै पर्छ । दुर्व्यसनीलाई राम्रो घरेलु वातावरण र मानवीय व्यवहार चाहिन्छ ।

योग्यताको कदर नहुने ठाउमा सुयोग्य व्यक्ति पनि दण्डित हुन्छ । शिक्षित र चेतनशील नागरिकहरू नालायकबाट पीडित छन् । दुर्व्यवहारले सज्जनलाई पनि दुर्जन बनाउाछ ।

हाम्रो समाजमा यस्ता अनगन्ती समस्याका पोका छन् जसको समाधान सुनिश्चित भएन भने जनता झन् निराश बन्ने छन् । यसले हाम्रो सक्रिय उपस्थितिलाई चुनौती दिने छ अनि शान्ति र संविधानको अपेक्षामाथि पनि तुषारापात हुने छ ।

**ख) तलको अनुच्छेदबाट तीन ओटा समस्त र तीन ओटा द्वित्व शब्द टिपी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् :**

चारकोसे झाडीमा लाम्पुच्छे मात्र होइन, चौपाया पनि प्रशस्त छन् । हिजोआज, हृष्टपुष्ट, कामचोर पनि भेटिन्छन् । तसर्थ छिटोछिटो भातसात कपाकप खाएर अरु झैँझगडा नगरी मरमसला बोकेर आफ्नै काममा लाग्नुपर्दछ ।

कामचोर हुनु आफैँलाई ठग्नु हो । ठगठागले पनि जिन्दगी जसोतसो चलाउन सकिन्छ तर जीवनरस चाख्न सकिँदैन । कहिले भाग्योदय होला भनेर पर्खिरहनेहरू चौबाटामै हराउँछन् । खुरुखुरु हिँड्नेहरू लक्ष्यमा पुग्छन् ।

ग) तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धिविच्छेद गर्नुहोस् :

अपाङ्ग व्यक्तिले हिमालय चढेर, विद्यालयमा पढेर राम्रा सूक्ति अनूदित गर्ने छन् । सदैव हामीले मतैक्य भएर ती देवर्षितुल्य प्रत्येक प्रतिभालाई स्वागत गरी परोपकारको पाठ पढाउनुपर्छ ।

नेपालमा थुप्रै हिमालयहरू छन् । त्यसैले यहाँ पर्यटनको राम्रो सम्भावना छ । तर अहिले आफ्नो देशलाई भुलेर विदेश पलायन हुनेहरू अत्यधिक बढिरहेका छन् । यो देश त वास्तवमा परमेश्वरको सुन्दर वरदान नै हो । यहाँबाट सूर्योदय र सूर्यास्तका मनोरम दृष्यहरू पनि देखिन्छन् ।

विद्यालय शान्ति क्षेत्रको नारा गाउा सहर जताततै सुन्न पाइन्छ । केटाकेटीको सुनौलो भविष्यका लागि हरेक नागरिकले समान दायित्व निर्वाह गर्नु पर्छ । आवश्यकताको खरखााचो मात्र पूरा गरेर पुग्दैन, शैक्षिक वातावरण पनि बनाउनु पर्छ । राष्ट्रोन्नति चाहनेहरूले नारामा एक थरी र कार्यमा अर्को थरी गर्नु अनुपयुक्त हो । शान्ति क्षेत्र भनेर घोषणा गर्ने अनि आफै बन्द र हडतालमा उत्रिनु कत्तिको न्यायोचित हो ?

**६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५**

**क) वाक्य ढाँचा सहित तलका वाक्यलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गर्नुहोस् :**

सानो भाइले कुरै बुझ्ेन । उसले काम पनि गरेको थिएन । तैँले काम राम्ररी गरिनस् भन्ने बित्तिकै ऊ रिसाएको थियो । उसले पछि मात्र कुरा बुझ्ेछ ।

एउटा केटो बाटामा हिँडिरहेको थियो । एउटी केटीले त्यसलाई रोकी । ऊ कुनै सामानको प्रचार गर्न चाहन्थी । केटाले केटीको हातबाट एउटा कागज हातमा लियो । केटी खुसी भई ।

ख) वाक्य ढाँचा सहित एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर्नुहोस् :

कालो चराहरू आकाशमा उड्दै थिए । सिकारीले गुलेली ताक्यो । कमिलाले सिकारीको खुट्टामा टोकिदियो । ऊ छट्पटायो । चराहरू भागे ।

जङ्गलमा मृग चरिरहेको थियो । बाघहरूले त्यसलाई लखेट्न थाले । कुदिरहेका बाघहरूले अर्नालाई देखे । बाघहरू अलमलिए । यही मौकामा मृग भाग्यो ।

मेरा साथीहरू पोखरा जालान् । म पनि जाउाला । के तपाईहरू पनि सागै जानुहुन्छ ? उनी त जान्छिन् रे ! त्यसो भए हामी पनि जान्छौा नि ।

चोर सडकमा दौड्यो । प्रहरीहरूले उसलाई देखे । प्रहरीहरू उसकै पछाडि लागे । चोर टाढासम्म भाग्न पाएन । भाग्ने प्रयास गरे पनि प्रहरीहरूले समातिहाले ।

**७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ६**

क) 'ले, लाई, बाट, द्वारा, मा, देखि विभक्ति प्रयोग गरी ६ वटा वाक्यमा आफ्नो विद्यालयको बयान गर्नुहोस् ।

कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण कारकको प्रयोग गरी आफ्नी आमाको वर्णन गर्दै एक अनुच्छेद तयार पार्नुहोस् ।

**रेखाङ्कित शब्दको कारक पहिचान गरी लेख्नुहोस्:**

आमा ओखलढुङ्गाबाट आउनुभयो । मैले मोटरसाइकलबाट आमालाई घरमा लगो । आमाले बुबालाई घिउ ल्याइदिनुभएको रहेछ । बुबा घिउ खान मन पराउनुहुन्छ । उहाा मजाले घिउ खानु पर्छ भन्ने ठान्नुहुन्छ । उहाा मनदेखि नै भगवान्लाई पुज्नुहुन्छ । बिहानबेलुकै भगवान्लाई फूल चढाउनुहुन्छ । म पनि उहाले जस्तै भगवान्लाई मनमा राख्छु ।

ख) तलको वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :

गुरुले भन्छ, 'तँहरु राम्ररी पढ नत्र दुख पाउँछ ।' साथीहरु भने गफ गर्न मात्रै मन पराउँछ । मचाहिँ अलिअलि पढ्दै छ । मैले त परीक्षा पास गर्ला जस्तो छ । पढ्यो भने साथीहरू पनि पास हुन्छ ।

मैले पुरस्कार पायो । उहाँले पनि पाएछन् । प्रियाले त सर्वोत्कृष्ट अङ्क ल्याएछ । हामी पनि राम्रैगरी पढ्छु । तिमी चाहिँ कहिले पास हुन्छस् ? उनीहरूले त पढेनछ ।

तिमी र ऊ धरान जादै छन् । सानी पनि धरान जान चाहन्छिन् तर उसलाई तिमी लैजान चाहादैनौ । मेरो दाजु पनि जादै हुनुहुन्छ । हाम्रा ठुलो भाइहरू पनि जान सक्छन् है ! तिमीले पनि मलाई यस्तै भन्यो । मेरो बुबा पनि यस्तै भन्नुहुन्छ ।

**८. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×४=८**

(क) तलका वाक्यहरूलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :

उनीहरूले डुल्न जाने कुरा गरे । मैले पनि लुम्बिनी घुम्न जान मन लागेको विचार व्यक्त गरेँ । आमाले पढेर बस भन्नुभयो । मेरो विचारमा त डुल्नु राम्रो हो ।

**तलका प्रत्यक्ष कथनमा रहेका वाक्यहरूलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस्:**

सुजनले मलाई भन्यो, "तिमी खुब चलाख छौ ।"
मैले भनेँ, "तिमी मेरो धेरै प्रशंसा गर्छौ ।"
उसले भन्यो, "तिमी प्रशंसाकै लायक छौ त ।"
विनिताले भनी, "म पनि सुजनको भनाइसँग सहमत छु ।"

आवश्यक ढााचासहित करणलाई अकरणमा र अकरणलाई करणमा परिवर्तन गर्नुहोस् :

विकास चुरोट खाादैन । ऊ आफ्नो नियमित खानपानमा सधैा ध्यान दिन्छ । यो राम्रो बानी हो । विकास एकदमै स्वस्थ छ ।

म जहिले पनि स्वस्थ बन्न कोसिस गर्छु । तिमी भने कहिल्यै यस्तो गर्दैनौ । तिमी त व्यायाम पनि गर्दा रहेनछौ । तिमीलाई स्वास्थ्यबारे केही थाहा छैन ।

**आवश्यकताअनुसार तलका वाक्यहरूको वाच्य परिवर्तन गर्नुहोस्:**

म त आगामी जाडो मामाघर जान्छु । मावली गाउा रमाइलोसाग घुम्छु । बेनी र बाग्लुङ पुग्छु । तातोपानीमा पौडी खेल्छु । कालीगण्डकी हेरिन्छ । पर्वतको कुस्मा पुगेर फोटो खिचिन्छ । एक हप्तापछि काठमाडौं आइन्छ । त्यसपछि साथीहरू फेरि भेटिने छन् ।

**तलका वाक्यहरूलाई अप्रत्यक्ष कथनमा बदल्नुहोस् :**

छोरो - म घुम्न जाऊा है !
आमा - दुई महिनापछि जालास् ।
छोरो - अहिले नै जान किन मिल्दैन ?
आमा - नचाहिने कुरामा जिद्दी नगर् ।

**आवश्यक कुरा थपघट गरी तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

जाँच सकेर दुई महिना खालि बसिँदैन । नयाँ अध्ययनको तयारी गरिन्छ । मेडिकल शिक्षामा सजिलै नाम निकाल्न सकिँदैन । इन्जिनियरिङमा पनि ढुक्क भएर बस्न सकिँदैन । निकै गाह्रो छ भन्ने सुनिएको छ । दिनरात नभनी लागिन्छ । नाम निकालेरै छाडिन्छ । पढेपछि पास कसो नभइएला ?

**तलका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :**

हामी नेपाली हौं । हामी आफ्नो काम आफैं गर्छौं । हामी स्वावलम्बी छौं । हामी सम्पन्न बन्न सक्छौं ।

**तलका वाक्यहरूलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

उनीहरूले डुल्न जाने कुरा गरे । मैले पनि लुम्बिनी घुम्न जान मन लागेको विचार व्यक्त गरो । आमाले पढेर बस भन्नुभयो । मेरो विचारमा त डुल्नु राम्रो हो ।

**तलका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्** :

हामी नेपाली हौ । हामी आफ्नो काम आफै गर्छौ । हामी स्वावलम्बी छौ । हामी सम्पन्न बन्न सक्छौ ।

**तलका वाक्यहरूलाई अपूर्ण पक्षमा परिवर्तन गर्नु होस् :**

माघ दुई गतेदेखि परीक्षा सुरु हुन्छ । म परीक्षा राम्ररी लेख्छु । मैले पहिलो परीक्षा पनि बिगारो । यस पटक मेरो तयारी राम्रो भएको छ । आज पनि म राम्ररी पढ्छु । मैले टिभी पनि हेरेको छैन । म घुम्न पनि जान्ना । यसपछि मलाई सबैले माया गर्नु हुने छ ।

**आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गर्नुहोस्:**

मैले दिनभरि काम गरो । जति गर्दा पनि काम सकिना । थाको मात्र । साथीसाग सहयोग मागो । उसले सघायो । बल्लबल्ल काम सकेपछि ज्यादै खुसी भएा । आफूले गरेको काम बुबालाई देखाएा । बुबा खुसी हुनुभयो ।

**तलका चारवटा जटिल वाक्यहरूलाई आठओटा सरल वाक्यमा परिवर्तन गर्नुहोस् :**

गुमानेले धनजितेको गोरुलाई खेतबाट निकाल्यो र बेस्सरी पिट्यो । गुमानेले अर्मल तिर्छु भन्यो तर तर धनजितेलाई यो कुरा मन परेन । जब धनजिते बिरामी पऱ्यो तब गुमानेले सहयोग गऱ्यो । छिमेकमा बसेपछि झगडा हुन्छ तर पनि सबै मिलेर बस्नुपर्छ ।

**९. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्:** **१०**

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । मध्य पश्चिमको सुर्खेत उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा उपत्यका, चितवन, नवलपुर उपत्यका, काठमाडौं उपत्यका, सिन्धुली माडी उपत्यका र अरु नदी किनारका अनेक उपत्यका छन् । भूगर्भवेत्ता विद्वान्हरूको भनाइ अनुसार यी उपत्यकामा पहिले जल भरिएको थियो र करिब अढाई लाख वर्ष पहिले यी उपत्यकाबाट पानी निस्केर बाहिर गयो । सम्भवतः यी सबै उपत्यकाको पानी त्यसपछि खुल्यो होला । पानी बगेर गएपछि यहाँ जङ्गल भयो होला र जीवजन्तु पनि आफ्नो आहाराको खोजीमा यसतर्फ अग्रसर भएको हुनुपर्छ । त्यसपछि आदि मानव पनि आफ्नो जीवन निर्वाहको लागि यसतर्फ सिकार गर्न पस्यो होला । पहिले मानवको जीवन यायावरीय भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दशहजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाण युगको क्रममा थियो । तर इसापूर्व सात हजार देखि पाँचहजार वर्षतिर आएर आफ्नो जीवन नवपाषाण युगमा पुऱ्यायो । यस समयमा मानवले कृषिकर्म अपनाउन थालिसकेको थियो ।

**प्रश्नहरू :**

(क) नेपालका उपत्यकाहरूमा कति वर्ष पहिले जङ्गल उत्पन्न भएको थियो?

(ख) आदि मानव यी उपत्यकामा पस्नुअघि यहाँ कस्तो वातावरण थियो ?

(ग) मानवले यायावरीय जीवन बिताउनुको कारण के हो ?

(घ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?

(ङ) 'भूगर्भवेत्ता' र 'पाषाण युग' को अर्थ के हो ?

**तल दिइएको बोध अंश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् : १०**

पानीमा फोहोर कसिङ्गर मिसियो भने प्रदूषित हुन्छ र हाम्रा लागि उपभोग गर्न उपयुक्त हुँदैन । पानी प्रदूषित हुनुमा धेरै कारणहरू हुन सक्छन् । हुन त सबभन्दा शुद्ध पानी वर्षाको मान्न सकिन्छ । जुन बेला बादल चिसिएर पानी बन्छ, त्यस बेला पानी शुद्ध हुन्छ । तर जब पानी आकाशबाट खस्न थाल्छ, तब हावामा रहेका धुलोका कणहरू र ग्याँसहरूसँग सम्पर्कमा आएर पानी दूषित हुन थाल्छ । खास गरेर उद्योगहरूबाट धुवाँ धेरै फालिने ठाउँमा पानी धुवाँका कणहरूसँग मिसिएर तेजाब बन्छ र अम्लीय वर्षा हुन्छ । अम्लीय वर्षाको पानी निर्मल देखिन्छ तर यसमा माछा लगायत अन्य जीवहरू भने बाँच्न सक्दैनन् । अव्यवस्थित ढङ्गद्वारा ढल फाल्नाले पनि पानी प्रदूषित हुन्छ भन्ने कुराको उदाहरणका रूपमा काठमाडौँ वरपर बग्ने टुकुचा, विष्णुमती र बागमती खोलाहरूमा बगेको पानीमा नै देख्न सकिन्छ । ढल निकासले गर्दा प्रदूषित भएको पानीमा रोगका कीटाणुहरू व्यापक रूपमा फस्टाउने गर्दछन् । साथै, त्यस्तो पानीमा झारहरू उम्रिए पनि पछि पानीमा रहने माछा र अन्य जीवहरू नष्ट हुन्छन् । खेतबारीबाट बग्ने रासायनिक मल, कल कारखानाबाट बग्ने रासायनिक झोल एवम् सडक र बस बिसौनीहरूबाट बग्ने रासायनिक पदार्थहरू मिसिएको भलले पनि पानी प्रदूषित हुन्छ । रासायनिक पदार्थहरू मिसिएको पानि स्वास्थ्यका लागि हानिकारक हुन्छ । कल कारखानाबाट रासायनिक झोलहरू उपचार गरेर फाल्नु पर्दा खर्च लाग्न सक्छ । तर त्यस्ता झोलहरूका कारणले पानी दूषित हुँदा त्यसबाट हुने सङ्कट आखिरमा मानिस आफैँले भोग्नुपर्ने हुन्छ । कतिपय मिलहरूमा यन्त्रहरूलाई चिसो पार्न पानीको प्रयोग गरिन्छ । त्यसबाट निकासमा पठाइने पानी बाहिरको प्राकृतिक स्रोतबाट आएका पानीभन्दा अलि तातो हुन्छ । त्यसैले सामान्य तातो पानी खान र त्यस्तो पानीमा बस्न नसक्ने जीवाणु एवम् माछाहरू मर्न सक्छन् । पानीसँग सम्बन्धित अरु पनि समस्याहरू हुन सक्छन् । ती मध्ये खानेपानीको अभाव एउटा हो । पानीको परिमाण कम हुनु भएको पानी दूषित हुनु र खेर जानु वास्तवमा समस्या नै हो । त्यसै गरी अर्को समस्या हो, बाढी । नदीमा पानीको बहाव धेरै हुन गई वरपरको घरखेतसम्म पानी पानी बग्न सक्छ । यसको खास कारण हो, वर्षाको पानी जमिनभित्र रसाएर जानुभन्दा भलको रूपमा बग्नु । त्यसो हुनुका कारण जमिनमा हरियाली कम भई माटो सुक्खा र कडा हुनु हो ।

**प्रश्नहरू :**

क) अम्लीय वर्षा कसरी हुन्छ ?

ख) कल कारखानाबाट बग्ने रसायन मिसिएको झोलले कसरी मानिस सङ्कटमा पर्छन् ?

ग) जमीन सुक्खा हुनुको कारण के हो ?

घ) बहाब र स्रोत शब्दको अर्थ लेख्नु होस् ।

ङ) उक्त अनुच्छेदका लागि सुहाउँदो शीर्षक के हुन सक्छ ?

**तल दिइएको बोध अंश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् : १०**

जैविक विविधतामा नेपाल धनी देश हो । राष्ट्रिय र स्थानीय स्तरमा जैविक विविधताको संरक्षण तथा दिगो उपयोगका प्रयासहरू भइ रहेका भए तापनि लक्षित संरक्षण हुन सकेको छैन । जनसङ्ख्याको वृद्धिले प्राकृतिक स्रोतमाथि दिन प्रतिदिन बढ्दै गइ रहेको चापको प्रत्यक्ष प्रभावले जैविक विविधतालाई क्षति पुऱ्याएको छ । नेपालमा संरक्षित क्षेत्रहरूको स्थापना गरेर संरक्षण कार्य प्रभावकारी रूपले परिचालन गरिएको भए तापनि जनसमुदायका आवश्यकताहरूको पूर्तिका लागि पर्यावरणीय प्रणालीको विनाश नगरी आर्थिक लाभ गर्ने व्यवस्था गरे मात्र संरक्षण कार्य सफल हुने छ । जैविक विविधताको दिगो उपयोगका लागि जडिबुटीको प्रयोग, प्रशोधन, अनुसन्धान तथा सङ्कलन, वन तथा कृषि कच्चा पदार्थमा आधारित उद्योग धन्दा सञ्चालनमा प्राथमिकता, वंशाणु स्रोतका गुणहरूको पहिचान तथा उपयोग, कृषि वन, सामुदायिक वन तथा वृक्षरोपण जस्ता कार्यहरू गम्भीर रूपले चलाउन आवश्यक देखिन्छ । स्थानीय समुदायहरूको जनचेतना अभिवृद्धि गराउन र संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गर्न औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरू विभिन्न स्तरमा सञ्चालन गर्न आवश्यक छ । मध्यवर्ती क्षेत्रको व्यवस्थापनले संरक्षित क्षेत्रमा मानिसको चापलाई कम गरी उनीहरूको आवश्यकताको पूर्ति गर्ने उद्देश्य लिएको छ । नेपालले व्यापारिक प्रयोजनका लागि जैविक विविधताको खोज कार्य एकीकृत रूपमा विदेशी मुलुकहरूसाग सहभागी भई सञ्चालन गरेमा जैविक विविधताको संरक्षण तथा दिगो विकास प्रभावकारी हुने छ ।

प्रश्नहरू

(क) जैविक विविधतालाई के कुराले क्षति पुऱ्याएको छ ?

(ख) संरक्षित क्षेत्रको संरक्षण कार्य कसरी सफल हुन्छ ?

(ग) जैविक विविधताको उपयोगका लागि के कस्ता कार्यहरू गर्नु पर्दछ ?

(घ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?

(ङ) 'वंशाणु' र 'मध्यवर्ती क्षेत्र' को अर्थ लेख्नु होस् ।

**१०. तल दिइएको अनुच्छेदबाट मुख्य मुख्य पाँच बुँदाहरू टिप्नुहोस् : ५**

नेपाल आफ्नो अनुपम प्राकृतिक तथा सांस्कृतिक सम्पदाका कारण पर्यटन उद्योगका लागि सशक्त भूमि बन्न सक्ने देखिन्छ । यद्यपि प्रचार प्रसार विना यस उद्योगको भविष्य अँध्यारोतिर धकेलिन सक्ने यथार्थलाई पनि नकार्न सकिन्न । तसर्थ पर्यटन प्रवर्द्धनका लागि देशका ऐतिहासिक, भौगोलिक, सांस्कृतिक एवम् विभिन्न नेपाली कला कौशल झल्काउने खालको स्तरीय पोष्टर एवम् पत्र पत्रिका विश्वभर फैलाउनु पर्दछ । यसका साथै पर्यटक स्वयम् पनि प्रचार प्रसारको सबल माध्यम बन्न सक्ने यथार्थका आधारमा उनीहरूको सन्तुष्टि नै पर्यटन उद्योगको सफल सम्भावनाका लागि प्रथम भरोसा मान्न सकिन्छ । यसका लागि सेवा भावनाले प्रेरित हुँदै होटलहरूको शुल्कभन्दा सुविधालाई ध्यानमा राखेर गुणात्मक कार्य सञ्चालन गर्नु वाञ्छनीय देखिन्छ । त्यस्तै गरी निजी क्षेत्रमा सञ्चालित नेपालका ट्राभल एजेन्सी र ट्रेकिङ व्यवसायीहरुले पनि स्वस्थ प्रतिस्पर्धाका साथ आफ्नो उद्यमशिलता बढाउनुपर्ने देखिन्छ । यसका साथै पर्यटन विकासमा यातायातको भूमिका पनि निकै महत्वपूर्ण मानिन्छ । नेपाल भूपरिवेष्ठित मुलुक भएकाले यो देश जल यातायातको सुविधाबाट वञ्चित छ । यही तथ्यलाई हृदयङ्गम गरी हामीले पर्यटन प्रवर्द्धनका लागि वर्तमान मानव जीवनको महत्वपूर्ण आधार यातायातको प्रबन्ध सुव्यवस्थित र सङ्गठित रूपबाट गर्नु अनिवार्य हुन्छ । यिनै कुरालाई साकार रूप दिन नेपालले पनि केही समयका अन्तरालमा 'नेपाल भ्रमण वर्ष' को आयोजना गर्दै आएको छ ।

**तल दिइएको अनुच्छेदलाई एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस् : ५**

नेपाल आफ्नो अनुपम प्राकृतिक तथा सांस्कृतिक सम्पदाका कारण पर्यटन उद्योगका लागि सशक्त भूमि बन्न सक्ने देखिन्छ । यद्यपि प्रचार प्रसार विना यस उद्योगको भविष्य अँध्यारोतिर धकेलिन सक्ने यथार्थलाई पनि नकार्न सकिन्छ । तसर्थ पर्यटन प्रवर्द्धनका लागि देशका ऐतिहासिक, भौगोलिक, सांस्कृतिक एवम् विभिन्न नेपाली कला कौशल झल्काउने खालका स्तरीय पोस्टर एवम् पत्र पत्रिका विश्वभर फैलाउनु पर्दछ । यसका साथै पर्यटक स्वयम् पनि प्रचार प्रसारको सबल माध्यम बन्न सक्ने यथार्थको आधारमा उनीहरूको सन्तुष्टि नै पर्यटन उद्योगको सफल सम्भावनाका लागि प्रथम भरोसा मान्न सकिन्छ । यसका लागि सेवा भावनाले प्रेरित हुँदै होटलहरूको शुल्कभन्दा सुविधालाई ध्यानमा राखेर गुणात्मक कार्य सञ्चालन गर्नु वाञ्छनीय देखिन्छ । त्यस्तै गरी निजी क्षेत्रमा सञ्चालित नेपालका ट्राभल एजेन्सी र ट्रेकिङ व्यवसायीहरूले पनि स्वस्थ प्रतिस्पर्धाका साथ आफ्नो उद्यमशीलता बढाउनु पर्ने देखिन्छ । यसका साथै पर्यटन विकासमा यातायातको भुमिका पनि निकै महत्त्वपूर्ण मानिन्छ । नेपाल भूपरिवेष्टित मुलुक भएकाले यो देश जल यातायातको सुविधाबाट वञ्चित छ । यही तथ्यलाई हदयङ्गम गरी हामीले पर्यटन प्रवर्द्धनका लागि वर्तमान मानव जीवनको महत्त्वपूर्ण आधार यातायातको प्रबन्ध सुव्यवस्थित र सङ्गठित रूपबाट गर्नु अनिवार्य हुन्छ । यिनै कुरालाई साकार रूप दिन नेपालले पनि केही समयका अन्तरालमा 'नेपाल भ्रमण वर्ष' को आयोजना गर्दै आएको छ ।

**११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५**

क) विभिन्न पाठ्यपुस्तकहरूको माग गरी धौलागिरि पुस्तक पसलले एकता बुक्स काठमाडौँलाई लेखेको व्यावसायिक चिठीको नमुना तयार पार्नुहोस् ।

ख) काठमाडौँमा फैलिरहेको धुलो र धुवाँले जनस्वास्थ्यमा पारेको असरबारे ध्यानाकर्षण गराउँदै कुनै दैनिक पत्रिकाका सम्पादकलाई सम्बोधन गरी एउटा चिठी लेख्नुहोस् ।

क) नेपाली नागरिकलाई स्थानीय चुनावमा भाग लिनका लागि निर्वाचन आयोगका तर्फबाट निकालिने एउटा सूचनाको नमुना तयार पार्नुहोस् ।

ख) ग्लोबल पुस्तक पसलले विभिन्न विषयका पुस्तकहरू साझा प्रकाशनबाट मगाएको विषयमा आधारित भई एक व्यावसायिक चिठी तयार पार्नुहोस्

(क) युनिग्लोब कलेजको पुस्तकालयका लागि एक जना महिला कर्मचारीको आवश्यकता सम्बन्धी एउटा विज्ञापनको नमुना तयार पार्नुहोस् ।

(ख) विभिन्न पाठ्यपुस्तकहरूको माग गरी धौलागिरि पुस्तक पसलले एकता बुक्स काठमाडौंलाई लेखेको व्यावसायिक चिठीको नमुना तयार पार्नुहोस् ।

**१२. आफ्नो विद्यालयमा सम्पन्न खेलकुद कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार गर्नुहोस् । ५**

(मान्नुहोस् : तपाईंको नाम सागर हो र तपाईंको विद्यालयको नाम सगरमाथा उ.मा.वि. सोलुखुम्बु हो ।)

**अथवा**

'विद्यार्थीमा बढ्दो अनुशासनहीनता' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

आफ्नो कलेजको वार्षिकोत्सव तथा पुरस्कार वितरण समारोहको विवरण समेटी १५० शब्दसम्मको एक प्रतिवेदन तयार पार्नुहोस् : ५

**अथवा**

'कम्प्युटरको महत्त्व' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

'उपत्यकामा बढ्दो वायुप्रदूषण' विषयमा १५० शब्दसम्ममा एउटा टिप्पणी लेख्नुहोस् । **५**

**अथवा**

'प्रज्ञा प्रतिष्ठानमा साहित्य सम्मेलन' विषयमा १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

**१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा ३०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस्:१०**

(क) हाम्रा पाहुना : पर्यटक

(ख) मैले चाहेको नयाँ नेपाल

(ग) सामाजिक उत्थानमा महिलाको भूमिका

क) देश निर्माणमा युवावर्गको भूमिका

ख)मेरो जिन्दगी : मेरो सपना

ग) प्राविधिक शिक्षाको महत्त्व

**१४. 'बहुला काजीको सपना' नाटकको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ५+५=१०**

भक्ते नरो । तेरो एउटा छोरो थियो, त्यो अब छैन । हेर्, त्यसको सट्टामा धेरै वीरेजस्ता छोराहरू यहाँ छन् । एक्लै वीरेले पाउने माया ती सबैमा बाँडिदिएस् । एक दिन तेरो मेरो इच्छा पूरा हुनेछ । फिकी नले, म अर्को सपना सिर्जना गर्छु । गरिबीलाई संसारबाट मिल्काउँछु, बुझिस् भक्ते । गरिबीलाई मिल्काउने काममा बाधा मानिस हुन्छ भने म त्यसको दुश्मन हुन्छु , त्यसैसित लड्छु, रोकिन्न । बाधा बुद्धि हुन्छ भने बरु म सिल्ली हुन्छु, मूर्ख हुन्छु, पछि हट्दिनँ । गरिबीका समर्थक भएर परमेश्वर नै खडा हुन्छन् भने पनि बरु म नास्तिक हुन्छु, दब्दिनँ । नरो भक्ते । संसारले एक दिन सुखी हुनु छ, कसैले रोक्त सक्तैन ।

प्रश्नहरू :

क) माथिको गद्यांशका आधारमा बहुला काजीको चरित्र चित्रण गर्नुहोस् ।

ख) 'संसारले एक दिन सुखी हुनु छ, कसैले रोक्न सक्तैन' भन्ने भनाइप्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्नुहोस् ।

**.'एक चिहान' उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ५+५=१०**

के त ? यसको माने यही हो किसानका छोरा केही होइनन् ? किसान केही होइन ? त्यसमा मनुष्यत्व केही छैन? शिवनारानले पनि अलि दह्रो भएर जवाफ दिए । "किसान राजा हुन्, सम्राट हुन्, देउता हुन्, परमात्मा हुन् ।" व्यङ्ग्यभावमा रामबहादुरले भने । "किसान माथि व्यङ्ग्य हानेर तपाई यस्तो उपेक्षित कुरा नगर्नु होला रामबहादुरजी । तपाईलाई म यो पनि बताइदिन चाहन्छु - एक चोटिलाई मैले क्षमा गरेको छु । किसान अरु केही थोक नभए तापनि तपाईको अन्नदाता हो, आफ्नो पसिना बगाएर समाज र देशलाई पाल्ने र रगत दिएर संसारलाई जिन्दगी दिइ रहने एउटा त्यागी र तपस्वी जाति हो अझ यो भन्दा पनि बढ्ता तपाई थाहा पाउन चाहनु हुन्छ भने पसिनाको परिश्रम र बलिदानको नातामा संसारमा सबभन्दा ठुलो किसान हो, जसलाई तपाई ईश्वर भन्न चाहनु हुन्छ कि परमेश्वर अथवा जे भन्नोस् ।" बडो गर्वसाथ शिवनारानले भने ।

**प्रश्नहरू :**

(क) माथिको गद्यांशका आधारमा शिवनारानको चरित्र चित्रण गर्नुहोस् ।

(ख) उपर्युक्त गद्यांशका आधारमा किसान जातिको महत्व र तिनमा आएको क्रान्तिचेतनाको विश्लेषण गर्नुहोस् ।

**एक चिहान उपन्यासको तल दिइएको अंश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् : १०**

"किसानका सन्तानले आराम गर्नु पाप हो ।शरीरमा एकथोपा मात्र रगत बााकी भए पनि पसिनाको रूपमा निकालेर खेतलाई चढाउनु पर्छ किनभने किसानको परिश्रम र पसिना नै जगत्‌को जीवन हो । जिन्दगीको ज्योति हो ।"

**प्रश्नहरुः**

क. माथिको भनाइ कसको हो ? उक्त भनाइका आधारमा वक्ताको श्रमप्रतिको दृष्टिकोण बारे प्रकाश पार्नु होस् ।

ख. एक चिहान उपन्यासका आधारमा अष्टनारानको चरित्र चित्रण गर्नुहोस् ।

**१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×५=१०**

क) तलको कविताांश पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् :

चियाको कित्ली जस्तै भकभकी उम्लि रहेको दुःखी मन अनि
रक्सीका बोतलहरूसित रित्ति रहेको बैँसालु यौवनलाई
विवशताको भोको थाली र कचौराहरूमा पस्केर
सन्तप्त मुस्कानहरूले उदासी बाँडि रहिछ
कान्छी, भट्टी थापि रहिछ ।

**प्रश्नहरू :**

अ) 'सन्तप्त मुस्कानहरूले उदासी बाँडि रहिछ' भन्नुको तात्पर्य के हो ?
आ) कान्छीको मन किन चियाको कित्ली जस्तै भकभकी उम्लिरहेको हो ?
इ) माथिको उद्धरणमा कान्छीको कस्तो अवस्थाको वर्णन छ ?
ई) प्रस्तुत अंशमा कान्छीको दुर्दशालाई के कस्ता शब्दमार्फत व्यक्त गरिएको छ ?
उ) 'विवशता' र 'उदासी' शब्दको अर्थ लेख्नुहोस् ।

ख) तलको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् :

एक रात तिनी खाई पिई सुत्ने यत्न गरिरहेका थिए । तिनका मनमा धेरै प्रकारको विचार आउन थाल्यो । तिनको जीवन कसैले असफल भन्न सक्दैन । सानोतिनो पुँजी पनि कमाइ हालेका थिए । रुपियाँ जम्मा गर्दा अरुहरुले भरे जस्तो रैतीहरुलाई पिर पनि पारेनन् । तिनको कोही बैरी थिएन, यही तिनको सन्तोषको ठूलो कारण थियो । ४५ वर्षको यत्रो लामो जीवनमा तिनले कसैलाई आफ्नो शत्रु बनाएनन् । यस कल्पनाले तिनको तन्द्राको सुख बढाइरहेको बेलामा तिनीमाथि लट्ठीको प्रहार पऱ्यो । संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि परेन । प्रहारकर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामाथि, यो छुट्याउन गाहारो थियो ।

**प्रश्नहरू :**

१) यो प्रसङ्ग कुन कथाबाट लिइएको हो र यसका लेखक को हुन् ?
२) कृष्ण रायको जीवनलाई कसैले पनि असफल भन्न नसक्ने कारण के हो ?
३) कृष्ण राय कस्तो चरित्र भएका व्यक्ति थिए ?
४) कृष्ण रायमाथि लट्ठीको प्रहार किन भएको होला ?
५) 'पुँजी' र 'तन्द्रा' शब्दका अर्थ लेख्नुहोस् ।

ग) तलको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् :

वास्तवमा हाम्रो खाद्य सङ्कट भनेको भात सङ्कट हो । हाम्रो भोकमरी भातमरी हो । धान नफल्ने ठाउँमा आलु फल्छ, आलु नफल्ने ठाउँमा कोदो, कोदो नफल्ने ठाउँमा कागुनो, भोट प्रदेशतिर उवा, करु फल्लान् । हिमखण्डलाई छोडेर केही नफल्ने मरुभूमि नै त नेपालमा छैन । तसर्थ कृषि खाद्यान्न र खाद्य सुरक्षाको बारेमा विकल्प खोज्न अब ढिलाइ गर्नु हुँदैन । यसका लागि ज्ञान र विज्ञान मात्र होइन मनोविज्ञानमा पनि परिवर्तनको आवश्यकता छ । कविले भने झैं आफ्नै पाखुराको आधार र आफ्नै पैतालाको संसार खोज्ने बेला आएको छ । समाज र सरकार सबैले परनिर्भरताको संस्कारलाई त्याग्न सकेनन् भने भोकको सामना गर्नुपर्ने स्थिति टड्कारो छ ।

**प्रश्नहरू :**

१) लेखकले भोकमरीलाई किन भातमरी भनेका हुन् ?
२) नेपाल जैविक विविधतामा धनी छ भन्ने आधार के हो ?
३) हामीमा कस्तो मनोवैज्ञानिक परिवर्तनको आवश्यकता छ ?
४) 'आफ्नै पाखुराको आधार र आफ्नै पैतालाको संसार' भन्नुको तात्पर्य के हो ?
५) 'परनिर्भरताको संस्कार' भनेर के कुरालाई सङ्केत गर्न खोजिएको हो ?

**(क)तलको कविताांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

भोक यदि देश हो भने
हर्कबहादुरभन्दा सुकिलो अर्को देश हुन सक्दैन
शोक यदि देश हो भने
हर्कबहादुरभन्दा ठुलो अर्को देश हुन सक्दैन

प्रश्नहरू :

(अ) 'भोक यदि देश हो' भन्नुको तात्पर्य के हो ?
(आ) हर्कबहादुर किन सुकिलो छ ?
(इ) हर्कबहादुरभन्दा देश किन ठुलो हुन सक्दैन ?
(ई) 'शोक यदि देश हो'ले केलाई सङ्केत गर्दछ ?
(उ) यस कविताांशको तात्पर्य के हो ?

ख) तलको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् :

"यो के गरेको, त्यो अर्काकी बुहारी हो, चार दिनलाई माइत आउँदैमा त्यसको इज्जत बिर्सन पाइन्छ र ! कहाँ जान लागेको ! के बहुलाउनु भएको हो ?

**प्रश्नहरू**

अ. यस कथांशका वक्ता र श्रोता को को हुन् ?

आ. चार दिनलाई माइत गएकी पात्र को हो ? ऊ कहाँ लगिँदै छे ?

इ. यस कथासँग सम्बन्धित प्रमुख प्रतिद्वन्द्वी चरित्रहरू को को हुन् ?

ई. यस घटनाभन्दा अगाडिको प्रसङ्ग के हो ?

उ. समस्याको समाधान गर्ने उक्त तरिका ठीक थियो कि थिएन ? किन ?

ग) तलको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् :

एक किलो मासु उत्पादन गर्न दश किलो शाकाहारी भोजन खपत हुन्छ अर्थात एक धनी मांसाहारीले दश गरिब शाकाहारीको खाना हसुर्छ । धनी र सम्पन्न वर्गकै सुख र सुविधाका निम्ति गरिबले पिल्सिनुपर्ने अवस्था देखिँदै छ । यसको दोष ग्लोबल वर्मिङमा थुपार्ने प्रवृत्ति पनि छ । जे होस् भोलिको सङ्घर्ष भोकमा आधारित हुन्छ भन्ने कुरालाई यत्तिकै नकार्न सकिन्न ।

प्रश्नहरू

अ. मांसाहारबाट पर्ने खाद्य असर के हो ?

आ. गरिबहरू के कारणले भोकमरी बेहोर्नु पर्ने अवस्थामा छन् ?

इ. 'ग्लोबल वार्मिङ' भन्नाले के बुझिन्छ ?

ई. भोलिको सङ्घर्ष भोकमा आधारित हुन्छ भन्नुको तात्पर्य के हो ?

उ. प्रस्तुत गद्यांश कुन पाठबाट लिइएको हो र यसका लेखक को हुन् ?

**१६ 'म फुल लिएर आउने छु' निबन्धमा के कस्तो देशभक्तिको भावना अभिव्यक्त भएको छ ? ५**

नेपाली समाजमा नारी पुरुष समानताका निम्ति के गर्नुपर्ला ? 'आइमाई साथी' निबन्धका आधारमा आफ्नो दृष्टिकोण राख्नु होस् :५

**'हारजित' कथामा तपाई कसको हार र कसको जित भएको ठान्नुहुन्छ र किन ? कथाका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् : ५**

**नेपालमा खाद्यसङ्कट भनेको के भात सङ्कट मात्रै हो त ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (५)**